# ८ स्वर्गबाट पाईने आत्मज्ञानमा हुने नम्रता

*यस अध्यायका मूल पदहरू:* याकूब ३:१३-४:१०, व्यवस्था ४:६, गलाती ५:१७, यर्मिया ३:६-१०, २०, प्रेरित १९:१३-१६, भजन २४:३-६।

*स्मरण गर्नुपर्ने पद:* **"परमेश्वरको सामु नम्र हुनु, अनि उहाँले तिमीलाई सम्मान गर्नुहुनेछ।" (याकूब ४:१० रूपान्तरित)।**

**धेरै सानो ठूलो कम्पनीहरूमा कामदारहरू हाकिम वा उच्च पदहरू पाउन होडबाजी गर्दछन्। उच्च ओहोदा पाउन तिनीहरू योग्य भएतापनि तिनीहरूलाई पन्छ्याएकोमा कतिपय कर्मचारीहरू नियास्रो मानेर जबरजस्ती काम गरेर बसेका हुन्छन्।** अरूलाई उछिनेर आफू अघि वढ्न कडा परिश्रम पनि गर्दछन्। हाकिमहरूलाई आफ्ना सहकर्मीहरूको बारेमा नकरात्मक कानेखुशी गरेर कतिपयले रिझाउन खोज्दछन्। आफू माथि आउन प्रतिस्पर्धा गरेर अरूलाई दवाउँदै हाकिमलाई चिप्लो घसेर काम गर्नु अत्यन्त स्वार्थी भएको देखाउँछ। तर यस्तो व्यक्ति पनि हुन्छन् जस्तो कि एक जना टेलिभिजन समाचार प्रस्तोता विस्तारै आफ्नो खुबीबाट अघि वढेर उच्च ओहोदामा पुगेका थिए। उनको सहकर्मीले उनको सफलताप्रति प्रशंसा गर्दै भने "ऊ उच्च ओहोदामा पुग्दा कोही पनि मानिस मर्नुपरेको थिएन।"

अस्वस्थ र स्वार्थी प्रतिस्पर्धा केवल सांसारिक संघ संस्था वा उद्योगहरूमा मात्र सिमित छ तर चर्चमा त्यस्तो हुँदैन भन्न सुन्न पाए कति रमाइलो हुन्थ्यो। तर खेदपूर्ण तथ्य त यो छ कि संसारमा लोकप्रिय भएका अस्वस्थ चालचलनहरू चर्चमा पनि घुसेर सक्रिय भएको बाइबलले पनि देखाउँदछ।

इसाई भनाउँदाहरूको बीचमा पनि एक आफसमा खुट्टा तान्ने बानीको बारेमा बाइबलले के भन्छ सो यस अध्यायमा हामी हेरौं।

## १ असली ज्ञानबुद्धीमा हुने नम्रता (याकूब ३:१३)

**"के तिमीहरूमा यस्तो कोही छ जो बुद्धिमानी, ज्ञानी र समझशक्ति भएको छ भनेर दाबी गर्छौं? तब असल जीवन बिताएर ती गुणहरू भएको प्रमाणित गर्नुपर्छ। असल काम गर्दा बुद्धिमानी मानिसहरू घमण्डले फुल्दैन (याकूब ३:१३ रूपान्तरित)।" "असल काम गर्दा फुल्दैन?" त्यसको अर्थ के हो?**

याकूब तिन अध्याय पूरा नै असल वा खराब गुरूहरूको बारेमा चर्चा गरेको पाइन्छ भनेर कुनै कुनै बाइबलका चिन्तकहरूको धारणा छ। असल गुरू वा शिक्षकमा बुद्धि र समझशक्ति हुनुपर्ने गुण स्वाभाविकै हो। तर विषयवस्तुचाहिँ त्यो भन्दा फराकिलो देखिन्छ। यस विषयमा सारा चर्चका विश्वासीहरू नै संलघ्नता हुनुपर्ने देखाउँछ। याकूबले आफ्नो पत्रमा चर्चा गरेको बुद्धि र ज्ञान तत्कालिन बाइबलका समयमा भएका ग्रीक वा युनानी सभ्यतामा र धेरै आधुनिक पश्चिमी देशहरूले प्रशंसा गरेका चलाक स्वभाव जस्तो होइन। बाइबलमा ज्ञानबुद्धिको अर्थ मानिसको आचरण र जीवनशैली हुन्। ग्रीक भाषमा बुद्धिको अर्ग आनास्ट्रोफ (anastrophe) हो। त्यसको अर्थ आनीबानी वा व्यवहार हो। त्यही शब्दलाई १ टिमोथी ४:१२, हिब्रू १३:७, १ पत्रुस १:१५ र १ पत्रुस २:१२मा प्रयोग गरेको छ। हामीहरूको आचरण र क्रियाकलापले हामी कत्तिको बुद्धीमानी र ज्ञानी छौं भनेर देखाउँछ। येशूले सिकाउनुहुँदा त्यही आभास दिनुभएक थियो "उनकै सन्तानले बुद्धि कतिको न्यायोचित छ भनेर देखाउँछ।" (मत्ती ११:१९ रूपान्तरित)।

पुरानो करारमा बुद्धि र समक्षशक्ति भन्ने शब्दहरू केवल इस्रायलीहरूलाई मोशाले दिएको चेतावनीमा मात्र भएको देखिन्छ। यो रोचक नै छ। परमेश्वरले आज्ञा गर्नुभएका व्यवस्थाहरू पालन गर्न उनले आह्वान गरेका थिए। "ती व्यबस्थाहरू बढो होशियारसाथ पालन गर्नु। त्यसले तिमीहरू कतिको बुद्धिमानी र समक्षशक्ति भएका जनहरू रहेछौ भनेर सारा राष्ट्रहरूको सामु प्रकट हुनेछ। तिनीहरूले पनि ती सबै नीतिनियमहरूको बारेमा सुन्नेछ। अनि तिनीहरूले यसो भन्ने छन् "त्यस महान् राष्ट्रका मानिसहरू बुद्धि र समक्षशक्तिले सम्पन्न भएका छन्।" (व्यवस्था ४:६ रूपान्तरित)।

याकूबले तितो पानीको झर्ना भनेर याकूब ३:११मा उल्लेख गरेका छन्। त्यो चर्चमा हुने डाहा वा खुट्टा तान्ने प्रवृत्ति र स्वार्थी आकांक्षाहरू हुन भनेर खुलासा गरिएको छ (याकूब ३:१४)। स्वार्थी आकांक्षा भन्ने शब्द ग्रीक भाषामा इरथिया (eritheia) हो। त्यसको अर्थ "आफ्नै चासोतिर डगुर्नु" हो। त्यस्तो खालको प्रबृत्ति स्वर्गमा सैतानको भएको देखिएको थियो। कसैले इसाई हुँ भनेर दाबी गर्छन् भने त्यो प्रवृत्ति उसमा हुनु सुहाउँदैन। यदी हामी इसाई भनाउँदाहरूले आफ्नो भाऊलाई पन्छाएर परमेश्वरको सामु समर्पण जीवन बिताएर उहाँको इच्छामा चलेनौं भने हामीमा पनि सैतानको प्रवृत्तिले बास गरेको हुन्छ भनेर याकूबले चेतावनी दिँदछन्।

“ज्ञानबुद्धिमा हुने नम्रता"को शब्दलाई गहिरिएर सोच्नुहोस्। कुन यस्ता परिस्थितिहरू हुन्छन् जहाँ त्यस्तो खालको ज्ञानबुद्धि सहयोगी हुन सक्छ?

## २. दुई किसिमका ज्ञानबुद्धि (याकूब ३:१५,१६)

**याकूबले स्पष्ट रूपमा दुई थरिका ज्ञानबुद्धि वा विवेकहरूलाई हामीहरूको माझमा ओछ्याइ दिएका छन्। ती दुवै थरिका बुद्धिहरू संसारमा मात्र होइन चर्चमा छन् भनेर पनि उनले आभास दिएका छन्। हेर्नुहोस् याकूबको त्यो समिक्षामा वाख्या गरेका पहिलो ज्ञानबुद्धि वा विवेक याकूब ३:१५,१६मा “तर यदि तिमीहरूका हृदयमा कटु ईर्ष्या र स्वार्थी अभिलाषा छन् भने यी कुरामा अभिमान नगर, र सत्यतालाई झूटा नबनाओ।१५ यो बुद्धि स्वर्गबाट आउने बुद्धि होइन। तर यो त सांसारिक, अनात्मिक र शैतानिक हो।१६ किनकि जहाँ डाह र स्वार्थपूर्ण अभिलाषा हुन्छ, त्यहाँ भाँड़भैलो र हरेक किसिमको भ्रष्ट काम हुन्छ।"**

संसारमा भएको ज्ञानबुद्धि आफै सांसारिकमात्र होइन त्यो दुष्ट र शैतानिक हुन्छन्। त्यो अध्यात्मिक वा आत्मिक पनि हुँदैन। त्यो संसार र संसारका मानिसहरूको भाऊ बढाउने तर परमेश्वरलाई पन्छाउने ज्ञानबुद्धि वा विवेकको बारेमा राजा सोलोमनले धेरै वर्ष अघि खुलासा गरेका थिए “आफ्नो नजरमा जे ठिक छ त्यो गर्छन् तर अन्तमा त्यसले मृत्युको बाटोमा लखाटी दिन्छन्।" (हितोपदेश १४:१२, १६:२५ रूपान्तरित)। परमेश्वरहीन ज्ञानबुद्धि विध्वंनात्मक हुन्छ। यसले डाह,

ईष, स्वार्थी वा आफ्नोमात्र भलो खोज्ने आकांक्षा, आफ्नो भाऊ वा जस खोज्ने मनस्थितिलाई उक्साउँछ। त्यसको परिणाम स्वःत मानिसहरूको बीचमा अन्यौलता र कचकच ल्याउँदछ। यो खालका विभाजन ल्याउने ज्ञानबुद्धि केवल संसारका मानिसहरूमा वा संसारका संघसंस्था आदिहरूमा मात्र होइन कोरन्थीको चर्चमा पनि घुसिएको थियो भनेर पावलले देखाउँदछन्। २ कोरन्थी १२:२०मा पावलले पनि संसारिक ज्ञानबुद्धि चर्चमा घुस्दा त्यसलाई वाख्या गर्न खुलारूपमा याकूबले जस्तै शब्दहरू प्रयोग गरेका थिए।

**तर दोस्रो खालको ज्ञानबुद्धि वा ईश्वरिय ज्ञानबुद्धि यदि विश्वासीहरूमा भयो भने त्यसको नतिजा कस्तो हुन्छ भनेर याकूबले याकूब ३:१७,१८मा बताएका छन्। त्यसको साथै अरू पदहरू पनि हामी हेर्नेछौं: "तर जुन बुद्धि स्वर्गबाट आउँछ त्यो पहिले शुद्ध हुन्छ, तब त्यो शान्तिप्रिय, कोमल, विचारशील, कृपापूर्ण र असल फलले भरिएको, पक्षपातरहित र कपटरहित हुन्छ।१८ शान्ति कायम राख्नेहरूले शान्तिमा छर्छन्, र तिनीहरूले धार्मिकताको फसल बटुल्छन्।" अरू केही पदहरूले स्वर्गबाट बहने ज्ञानबुद्धिको यसरी वाख्या गर्दछन्: यूहन्न ३:३-७ "येशूले तिनलाई जवाफ दिनुभयो, "साँच्चै म तिमीलाई भन्दछु, कोही नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्य देख्न सक्दैन।" ४ निकोदेमसले उहाँलाई भने, "मानिस बूढ़ो भएपछि कसरी जन्मन सक्छ र? के त्यो आफ्नी आमाको कोखमा दोस्रो चोटि पसेर जन्मन सक्छ?" ५ येशूले जवाफ दिनुभयो, "साँच्चै म तिमीलाई भन्दछु, कोही पानी र आत्माद्वारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन।६ शरीरबाट जन्मेको शरीर हो, र पवित्र आत्माबाट जन्मेको आत्मा हो। ७ मैले तिमीलाई नयाँ गरी जन्मनुपर्छ भन्दा अचम्म नमान।" र कलस्सी ३:१,२ "यसकारण यदि तिमीहरू ख्रीष्टसँग जिइउठाइएका छौ भने माथिका कुराहरूको खोजी गर, जहाँ ख्रीष्ट हुनुहुन्छ, र परमेश्वरको दाहिने बाहुलीपट्टि बस्नुभएको छ।२ माथिका कुरामा मन लगाओ। पृथ्वीमा भएका कुरामा होइन।"**

याकूबले पवित्र आत्माको बारेमा सिधा उल्लेख गरेका छैनन्। तर नयाँ जन्मको धारणा याकूबको पुस्तकमा पनि स्पष्ट रूपमा देखिएको पाइन्छ। त्यो धारणालाई जनसमक्ष ल्याउन प्रेरित याकूबले किसानीले

गर्ने कामको चित्रण गर्दछन्। त्यसमा फलको बिऊ कसरी रोपिन्छ र फल नपाकिञ्जेल त्यो कसरी हुर्किन्छ भनेर चित्रण गरिन्छ। हुनसक्छ त्यो चित्रण येशूले बिऊको उखानको आधारमा छ। त्यसमा परमेश्वरको वचन विभिन्न मानिसहरूको हृदयमा कसरी छरिन्छ र त्यसलाई कसरी ग्रहण गरिन्छ भनेर उल्लेख गरिएको छ (मत्ती १३:३-९,१८-२३)। स्वर्गबाट आउने ज्ञानबुद्धिमा सदाशयता, करूणा, दया र असल फलहरूले भरिएको हुन्छ। आज्ञा पालन गर्ने र असल कामहरू येशूमाथिको आस्थाको फलहरू हुन् भनेर याकूबले औँल्याउँछन्। तर करुणा वा दया न्यायको मामिलामा महत्त्वपूर्ण भूमिका खेल्दछ (याकूब २:१३)। यर्थाथमा परमेश्वरको ज्ञानबुद्धिले भरिएको विश्वासीहरू येशू जस्तै नम्र र नरम हुन्छ। उहाँ जस्तै शान्तिप्रिय, भलाद्मी, दयालु, शदाशयी, करूणमय र क्षमाशील हुन्छ। त्यस्तो खालको फल फलाइरहने विश्वासीले अरूको दोष वा कमजोरहरूप्रति सहानुभूति प्रकट गर्दै उसको हितको चाहना गर्दछ। अरूहरूको आलोचना गर्ने, खुट्टा तान्ने, अरूको न्याय तथा मूल्याङ्कन गरेर त्यसलाई खसाल्ने प्रवृत्तिहरू सच्चा येशूभक्तहरूमा हुँदैन। (यदि छ भने त्यो व्यक्ति इसाई भन्न सुहाउँदैन)।

**संसारको लहैलहैमा जान धेरै सजिलो छ। तपाईंले आफ्नो हृदयलाई खोतलेर हेर्नुहोस्। परमेश्वरको वा स्वर्गबाट बहने ज्ञानबुद्धि वा विवेक भन्दा सांसारिक र संसारका मानिसहरूलाई रिझाउने खालका विवेकले तपाईंलाई कत्तिको प्रभाव पारिरहेको छ?**

## ३. अनमेल र झैंझगडाको कारण (याकूब ४:१)

**"तिमीहरूको बीचमा कचकच,झैंझगडा र भिडन्त किन हुन्छ? के तिमीहरूको पापी महत्वकाँक्षा तथा आफ्नो भाऊ खोज्ने प्रवृत्तिको कारणले होइन त? त्यो तिमीहरूको मनभित्र भएको भिडन्तको कारणले होइन त?" याकूब ४:१ (रूपान्तरित) "किनकि पापमय स्वभावका लालसा पवित्र आत्माको विरुद्ध हुन्छन्, अनि पवित्र आत्माको इच्छा पापमय स्वभावको विरुद्ध। तिमी जे गर्न चाहन्छौ त्यसबाट तिमीहरूलाई रोक्नका निम्ति यीचाहिँ एक-अर्काको विरुद्धमा हुन्छन्।" गलाती ५:१७**

**(रूपान्तरित)। ती दुवै पदहरूमा कस्तो संघर्षलाई खुलासा गरिएको छ जुन प्रत्येक मानवप्राणी चलेको हुन्छ?**

विश्वासीहरूको बीचमा चर्चमा भइरहेको एक आफसी मनमुताव र संघर्षलाई याकूबले खुला रूपमा बाहिर ल्याएको देखिन्छ। त्यसले गर्दा चर्चमा ल्याइरहेको विभाजनप्रति पनि याकूब अत्यन्त संवेदनशील भएको याकूब ४को सुरूका पदहरूले स्पष्ट पारेको देखिन्छ। इसाई हुँ भन्नेहरूको हृदयमा भइरहेको आन्तरिक संघर्ष वा स्पष्ट नीतिको अभावले चर्चमा झगडा हुन्छ। आफ्नोमात्र भाऊ खोज्ने र आफ्नोमात्र मोजमज्जा गर्ने चाहना प्रत्येक मानिसको नशामा घुसिरहेको हुन्छ। यसलाई पावलले पापी आकांक्षा र आफ्नो शरीर अर्थात् हाडमासुलाई पोस्न प्रवृत्ति भनेर नामाङ्करण गर्दछन्। त्यो प्रवृत्ति उच्च र आत्मिक चाहनासँग युद्ध गरिरहेको हुन्छ। इसाई जीवन संगितमय जीवन होइन तर जीवनभरी संग्राम गर्ने जीवन हो। यदि त्यस संग्रामलाई माथिबाट आउने बुद्धिज्ञानले प्रभावित पारेन भने वा नियन्त्रण गरेन भने (याकूब ३:१७) त्यसले उग्र रूप लिएर चर्चमा फैलिन्छ र विश्वासीहरूको बीचमा कचकच मात्र होइन आत्मिक रूपमा पनि धरासयी पार्ने खतरा हुन्छ।

**मानव हृदय वा विश्वासी भनाउँदाहरूकै बीचमा हुने स्वार्थी तथा पापी चाहनाहरू कुन् कुन् हुन् जसले चर्चमा पनि प्रभाव पारी रहेको हुन्छ? हेर्नुहोस् "तिमीहरू माग्छौ तर पाउँदैनौ, किनकि आफ्ना अभिलाषा पूरा गर्नलाई बेठीकसित माग्छौ। ४ व्यभिचारी मानिस हो, संसारसँगको मित्रता परमेश्वरसँगको शत्रुता हो भन्ने कुरा के तिमीहरूलाई थाहा छैन? यसकारण जो संसारसँग मित्र हुन चाहन्छ त्यसले आफैलाई परमेश्वरको शत्रु बनाउँछ।" याकूब ४:३,४।**

उपरोक्त पदहरू दश आज्ञातिर सिधै औँल्याउँछन्। "तिमीहरू नभएको अभिलाषामा डुब्न चाहन्छौ। तिमीहरू हत्या गर्दछौ, अर्काको लोभ गर्दछौ तर पाउन सक्दैनौ (याकूब ४:२ रूपान्तरित)। अरूको डाहा गर्ने, ईष गर्ने र अर्काको लोभ गर्ने समस्याहरूलाई (याकूब ३:१४,१६ पनि पढ्नुहोस्) येशूले पनि आफ्नो डाँडामा दिनुभएको उपदेशमा औँल्याउनुभएको थियो। आफ्नो प्रवचन अर्थात् उपदेशमा येशूले मानव आचरण भन्दा पनि मानिसको हृदयमा भइरहने भित्री

तरङ्गहरूलाई औंल्याउनुभएको थियो। पछिल्लो इसाई इतिहासमा जस्तै सुरूको चर्चमा संम्प्रदायको नाउँमा एक आफसमा हत्या गर्ने चलन नभएको हुनसक्छ।

"आफूलाई मात्र माया गर्ने वा आफ्नो मात्र भाऊ खोज्ने प्रवृत्तिले गर्दा मानिस मानिसको बीचमा झैंझगडा हुन्छ। जब हामी स्वर्गको आत्मज्ञानमा पुनर्जन्म लिन्छौं तब हामीहरूमा पनि त्यही दिमाग हुन्छ जुन् येशूमा थियो (अर्थात् हामीहरूमा येशूको दिमागको प्रत्यारोपण हुन्छ)। उहाँकै त्यस्तो दिमागले गर्दा आफूलाई होच्याउन राजी हुनुभयो ताकी हामीले मुक्ति पाऔं। यदि हामीमा येशूको दिमाग वा मनस्थितिले अड्डा जमाउन सकियो भने हामीले कहिलै पनि आफ्नो भाऊ वा सम्मान खोज्ने बानीतिर लाग्नेछैनौं। येशूको पाऊमा बस्ने हामीहरूको प्रबल चाहना हुनेछ र उहाँको बारेमा सिक्न आत्तुर हुनेछौं।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. ३३०,३३१बाट रूपान्तरित।

## ४ संसारसँगको मित्रता (याकूब ४:२-४)

आफ्ना पाठकहरूलाई किन व्यभिचारीहरू भनेर याकूबले सम्बोधन गर्दछन्? हेर्नुहोस् याकूब ४:२-४ र अरू पदहरू? "तिमीहरू इच्छा त गर्दछौ, तर तिमीहरू पाउँदैनौ। तिमीहरू हत्या गर्दछौ र लोभ गर्छौ, तर पाउन सक्दैनौ। तिमीहरू झगड़ा गर्दछौ र लड़ाइँ गर्छौ। तिमीहरूसित हुँदैन, किनभने तिमीहरू परमेश्वरसँग माग्दैनौ। ३ तिमीहरू माग्छौ तर पाउँदैनौ, किनकि आफ्ना अभिलाषा पूरा गर्नलाई बेठीकसित माग्छौ। ४ व्यभिचारी मानिस हो, संसारसँगको मित्रता परमेश्वरसँगको शत्रुता हो भन्ने कुरा के तिमीहरूलाई थाहा छैन? यसकारण जो संसारसँग मित्र हुन चाहन्छ त्यसले आफैलाई परमेश्वरको शत्रु बनाउँछ।" "६ योशियाह राजाका राजकालमा परमप्रभुले मलाई भन्नुभयो, "अविश्वासी इस्राएलले के गऱ्यो, के तैंले देखेको छस्? त्यो गएर हरेक डाँड़ामा र हरेक झ्याम्म परेको रूखमुनि त्यसले व्यभिचार गरेकी छ ७ त्यसले यी सबै काम गरेपछि मकहाँ फर्कन्छे होला भनी मैले विचारगरेको थिएँ, र तर त्यो फर्किन, र त्यसकी विश्वासघाती बहिनीले त्यो देखी। ८ त्यस अविश्वासी इस्राएलका सबै व्यभिचारको कारण मैले त्यसलाई त्यागपत्र दिएर निकालिदिएँ। तापनि मैले हेरें, त्यसकी विश्वासघाती बहिनी यहूदा

डराइन, तर गएर त्यसले पनि वेश्यावृत्ति गरी। ९ वेश्यावृत्ति इस्राएलको निम्ति यति सजिलो कुरा भयो, कि त्यसले ढुङ्गा र रूखसित व्यभिचार गरेर देशलाई बिटुलो पारी। १० यी सबै भए तापनि त्यसकी विश्वासघाती बहिनी यहूदा, पूर्ण हृदयले त होइन, तर बाहिरी रूपले मात्र मतिर फर्की," परमप्रभु भन्नुहुन्छ।.....२० तर जसरी एक विश्वासघाती पत्नीले आफ्नो लोग्नेलाई त्याग्छे, त्यसरी नै तिमीहरू पनि मप्रति विश्वासघाती भएका छौ, हे इस्राएलका घराना हो," परमप्रभु भन्नुहुन्छ।" -यर्मीया ३:६-१०,२०। "५ किनकि तेरा सृष्टिकर्ता तेरा पति हुनुहुन्छ– उहाँको नाउँ सर्वशक्तिमान् परमप्रभु हो– इस्राएलका परमपवित्र तेरा उद्धारक हुनुहुन्छ। उहाँ सारा पृथ्वीका परमेश्वर कहलाइनुहुन्छ। ६ त्यागिएकी र आत्मामा दुःखित भएकी, तरुणावस्थामा विवाह भएर पछि त्यागिएकी पत्नीलाई झैं तेरा परमप्रभुले तँलाई फेरि बोलाउनुहुनेछ," तेरा परमेश्वर भन्नुहुन्छ।"-यशैया ५४:५,६। "जा, र यरूशलेमले सुन्ने गरी यसो भनेर घोषणा गरः 'तेरो युवावस्थाको भक्ति, दुलहीको जस्तो तेरो प्रेमलाई म सम्झन्छु, र कसरी तँ मेरो पछिपछि मरुभूमिमा हिँड्को थिइस्, त्यस बीउ नछरेको भूमिमा।"-यर्मिया २:२। र "कुनै नोकरले दुई मालिकको सेवा गर्न सक्दैन, किनकि त्यसले एउटालाई घृणा गरेर अर्कालाई प्रेम गर्छ, अथवा त्यो एउटाको भक्त भएर अर्कालाई तुच्छ ठान्छ। तिमीहरू परमेश्वर र धन दुवैको सेवा गर्न सक्दैनौ।" –लूका १६:१३।

परमेश्वरले इस्राएलीहरूलाई आफ्नी दुलही भनेर सम्बोधन गर्नुभएको चित्रण याकूबले चर्चका विश्वासीहरूलाई प्रयोग गरेको पाइन्छ। इसाई हुँ भनेर दाबीचाहीँ गर्ने तर संसारको चालचलन, संस्कार, मानसिकताको भुमरीमा हराउनेहरूले आत्मिक व्यभिचारीहरू हुन् भनेर याकूबले जिकिर गर्दछन्। तर यथार्थमा इस्राएलका जनहरूले आफ्नो जायज पती वा प्रभु, येशूलाई रोज्नुको सट्टा अरूलाई नै आफ्नो स्वामी चुनिरहेको ठहऱ्याइएको छ।

याकूब ४:५लाई बुझ्न कठिन छ। त्यसमा लेखिएको छ "के तिमीहरू यो सम्झन्छौ, कि पवित्र-धर्मशास्त्रले व्यर्थमा यसो भन्दछ, हामीमा परमेश्वरले राख्नुभएका आत्माको निम्ति उहाँ तीव्र डाह राख्नुहुन्छ?" कतिले त यस पदलाई सम्पूर्ण नयाँ करारको सबभन्दा बुझ्न गाऱ्हो पद भन्दछन्। ग्रीक भाषामा लेखिएको शब्दरचना असपष्ट

छ। अङ्ग्रेजी भाषाका ठूला ठूला अनुबादहरूमा उल्लेख गरेका शब्दहरू पनि अन्यौल छन्। (तर मानविय दृष्टिकोणमा त्यस पदमा प्रयोग गरेको "डाह" भन्ने शब्द सकारात्मक रूपमा लिँदा अर्थमूलक देखिन्छ। यस संसार परमेश्वरको सृष्टि हो। चौठो आज्ञाले यसलाई पुष्टि गर्दछ। त्यस हिसाबले यो पृथ्वी परमेश्वरको घर हो। एउटा घरमा दुई श्रीमान हुन सक्दैन। त्यसरी नै एउटा पृथ्वीमा दुई मालिक वा स्वामी हुन सक्दैन। परमपिता सृष्टिकर्ता सनातनका परमेश्वर बाहेक अरूले यस पृथ्बीमा दाबी गरेर यसको मालिक वा स्वामी मै हुँ भनेर दाबी गर्दा परमेश्वरले गर्नुभएको डाहा जायजै देखिन्छ।–अनुवादकको टिप्पणी)। पद ५ र ६को ब्याकरण र अर्थलाई राम्रोसंग केलाउँदा यसरी अनुवाद गर्न सकिन्छः "के डाहाको विरोधमा धर्मशास्त्रले बेकारमा बोल्दछ भनेर तिमीहरू सोच्दछौं? परमेश्वरले हामीहरूका हृदयमा भर्नुभएको आत्मामा तिर्सना छ तर उहाँले अझ बढि अनुग्रह दिनुहुन्छ। त्यसकारण उहाँ भन्नुहुन्छ "अहङ्कार गर्नेलाई परमेश्वरले विरोध गर्नुहुन्छ तर नम्रलाई उहाँले अनुग्रह प्रदान गर्नुहुन्छ। याकूब ४:५,६।

मानिसका आत्माहरूमा आकाङ्क्षाहरूले भरिएको हुन्छ भनेर पद ४ले स्पष्टरूपमा वर्णन गर्दछ। आकाङ्क्षा वा चाहनाहरू आफै नराम्रो त होइन। तर पापले हामीहरूका चाहनाहरू दुष्टतामा बटारिदिएको छ। त्यसकारण हामीहरूका चाहनाहरू पनि बिथुलिएको छ। त्यसको समाधान केवल परमेश्वरको अनुग्रहमात्रले मात्र गर्न सक्छ। तर अहङ्कारी वा आफ्नो भाऊ खोज्ने मानिसहरूले परमेश्वरको अनुग्रहलाई सजिलैसँग ग्रहण गर्न आफूहरूलाई त्यस स्तरमा राख्न चाहन्दैन। परमेश्वरको अनुग्रह

पानीको झरनामा आफ्नो भाँडो थाप्दा पाउने जस्तै सजिलो त छ तर अत्यन्त नम्र हृदय भएको वा झुक्न सक्ने मानिसले मात्र अनुग्रहको महान् आवश्यकताको महसूस हुन्छ। आफ्नो आत्मालाई आलोचना गर्दा परमेश्वरको त्यस महान् अनुग्रहलाई पाउन आफू योग्य नभएको पनि उसले महसूस गरेको हुन्छ। एलेन जी ह्वाइटले भन्नुभएको छ, "हामीहरूको महान् आवश्यकता भनेकै परमेश्वरको सदाशय तथा करूणाको दाबी गर्नसक्ने खुबी हो।"-द डिजाएर अभ एजेज, पृ. ३१७बाट रूपान्तरित।

तपाईंले आफूलाई नियालेर हेर्नुहोस्। तपाईंमा के छ र तपाईं मुक्तिको निम्ति योग्य वा लायक हुनुभएको छ भनेर दाबी गर्नुहुन्छ? तपाईंकै जवाफले कसरी तपाईंको जीवनमा अनुग्रहको आवश्यकताको महसूस गर्न सघाउँछ? क्रुस र क्रुसमात्र तपाईंको आवश्यकताको जवाफ हो भनेर कसरी निश्कर्ष निकाल्नुहुन्छ?

## ५. परमेश्वरमा आफ्नो जीवन अर्पण गर्नु (याकूब ४:८-१०)

"परमेश्वरमा आफ्नो जीवन अर्पण गर। शैतानसँग डटेर मुकाबिला गर, अनि ऊ तिमीबाट भाग्ने छ।" (याकूब ४:७ रूपान्तरित)। यहाँ याकूबले सल्लाह होइन, प्रत्येक इसाईलाई निर्देशन दिएका छन्। साथै यहाँ लेखिएका वा रूपान्तर गरिएका वाक्यको क्रमलाई सोच्नुहोस्। यदि हामीहरूको आफ्नै शक्तिले शैतानसँग लड्न खोज्यौं भने, के त्यसमा सफलता हासिल गर्न सक्छौं र? प्रेरित १९:१३-१६मा एक रोचक प्रसङ्ग उल्लेख गरिएको छ। सात जना यहूदी तुनामुना गर्नेहरूले एक जना मानिसमा भएको दुष्ट आत्मा निकाल्न खोजेका थिए। ती यहूदीहरू येशूलाई मुक्तिदाता भनेर विश्वास गरेका थिएनन्। तर तिनीहरूले येशू र पावलले मानिसहरूबाट दुष्टआत्माहरू निकालिएका देखेका थिए। त्यसकारण तिनीहरूले पनि येशूको नाउँ लिएर दुष्ट आत्मा मानिसबाट धपाउन खोजेका थिए। तब दुष्ट आत्माको स्वामित्वमा रहेको मानिसको मुखबाट यस्तो आवाज आयो "येशूलाई म चिन्छु, पावललाई पनि म चिन्छु, तर तिमीहरूचाहिं को हौ?" त्यतिमात्र होइन, दुष्ट आत्माले नियन्त्रण गरेको मानिसले तिनीहरूमाथि यस्तरी झम्टेर लुछालुछ गरेकि तिनीहरू नाङ्गै भाग्नु पऱ्यो। परमेश्वरमा आफ्नो जीवन अर्पण गर्न सकेमात्र शैतानसँग मुकाबिला गर्न सक्छौं। हामीहरूको हृदय परमेश्वरसँग गाँसेर राख्नु नै शैतानसँग लड्न वा उसको नियन्त्रणभन्दा बाहिर रहने पहिलो कदम हो।

तर याद गर्नुहोस्, याकूबका प्रथम् पाठकहरूले आफ्नो जीवन परमेश्वरमा कहिलै पनि अर्पण गरेका थिएनन् भनेर आभास दिएको छैन। याकूबले आफ्नो पत्र येशूलाई विश्वास गर्छु भनेर दाबी गर्नेहरूलाई नै लेखेका हुन्। यो स्पष्ट छ। येशूलाई विश्वास

नगर्नेहरूलाई उनको पत्र अर्थहिन हुनसक्छ। तर एक फेरा विश्वास गरेर बप्तिस्मा लियो भन्दैमा कुनै मानिस जीवनभर इसाई भयो भन्ने छैन। यदि त्यो मानिस दैनिक रूपमा आफ्नो जीवन परमेश्वरमा अर्पण वा समर्पण गरेन भने उसको विश्वास प्रभावकारी हुनसक्दैन र शैतानले बेलाबेलामा ल्याउने विभिन्न परिक्षा तथा प्रलोभनहरूसँग डटेर मुकाबिला गर्न असक्षम् हुनसक्छ।

**याकूबले कस्तो निर्देशनहरू याकूब ४:८-१०मा दिइएका छन्? ती निर्देशनहरू एक आफसमा कसरी गाँसिएका छन्? फेरि परमेश्वरको इच्छा वा चाहनासँग ती निर्देशनहरू कसरी गाँसिएका छन्? हेर्नुहोस्: "८ तिमीहरू परमेश्वरको नजिक आओ र परमेश्वर पनि तिमीहरूको नजिक आउनुहुनेछ। पापीहरू हो, आफ्ना हात धोई सफा गर। कपटीहरू हो, आफ्नो मन शुद्ध पार। ९ तिमीहरू रोओ, चिच्याओ र विलाप गर। तिमीहरूका हाँसोको खित्का रुवाइमा बदल। तिमीहरूका आनन्द दुःखमा बदलिओस्। १० प्रभुको अघि नम्र बन र उहाँले तिमीहरूलाई उचाल्नुहुनेछ।"**

याकूब ३:१३देखि नै याकूबले दिइरहेका सबै प्रोत्साहन वा उत्साहको निचोड ती पदहरूमा छन्। यस अध्यायमा हामीले हेर्‍यौं कि स्वर्गबाट आउने ज्ञानबुद्धि र दुष्ट छलि शैतानबाट आउने ज्ञानबुद्धिको बीचमा के फरक छ। शैतानले जस्तो अहँ नीति लिएर आफ्नो भाऊ खोज्ने (यशैया १४:१२,१३) इसाई नै भनेर दाबी गर्ने व्यक्ति किन नहुन् र भित्री हृदयदेखि इमानपूर्वक परमेश्वरमा आफ्नो जीवन अर्पण गरेर नम्र चालमा चल्ने व्यक्तिको बीचमा के फरक छ सो पनि हामीले हेर्‍यौं। इसाईचाहिँ भन्ने तर परमेश्वरमाथिको आस्थामा बेइमानपूर्वक हिँड्नेहरूलाई याकूबले दिएको चुनौति पनि हामीले पढ्यौ (याकूब ४:८)। दोधारे मानिस र देखावती इसाई भनेर हिँड्ने मानिसको पनि याकूबले भन्डाफोर गरेका देख्यौं (याकूब ४:८सँग याकूब ४:४ पढ्नुहोस्)। त्यसकारण परमेश्वरमा आफ्नो जीवन अर्पण गर्ने भन्ने आवाज केवल कडा सावधानी अपनाउने नीतिमात्र होइन भनेर हामीले सिक्नुपर्दछ। येशूले पापीहरूलाई पश्चाताप गरेर आफूतिर लाग्न (लूका ५:२२) आह्वान गर्नुभएको जस्तै प्रत्येक येशूभक्त पनि दिनदिनै आफ्नो हृदय खोतल्दै, पश्चाताप गर्दै उहाँको पछि लागिरहने मनस्थिति

दिमागको गर्भमा राखिराख्ने आवश्यकताको महसूस गर्नु नै परमेश्वरमा समर्पित जीवन बिताउनु हो।

समर्पित वा अर्पित जीवन बिताउने कदमहरू भजन २४:३-६को आधारमा याकूबले यसरी कोरेका छन्ः (१) उहाँको नजिक आउनुहोस् र उहाँ पनि तपाईंको नजिक आउनुहुनेछ (२) तपाईंका हातहरू र दिमाग अर्थात् हृदयलाई सफा र शुद्ध राख्नुहोस् (३) आफ्ना कमजोरीहरूको निम्ति बिलाप गर्नुहोस्, हृदयलाई चुर्न पारेर रूनुहोस्। परमेश्वरको अनुग्रहलाई तपाईंले दाबी गर्नुभन्दा पहिले ती कदमहरू तपाईंले चाल्नु अति आवश्यक छ भनेर तपाईंले बुझ्नुपर्दछ।

"परमेश्वरको दृष्टिमा नम्र तथा नरम भएर चल्नुहोस्। अनि उहाँले तपाईंलाई उचाल्नु हुनेछ" (याकूब ४:१० रूपान्तरित)। त्यसको अर्थ के हो? तपाईं कसरी नम्र तथा अभिमानरहित बनाउन सक्नुहुन्छ? येशूको जस्तो नम्र तथा आफ्नो भाऊ नखोज्ने मनस्थितिलाई तपाईंको दिमागमा प्रत्यारोपण गर्न कसरी सिक्नुहुन्छ?

## उपसंहारः

**थप जानकारीः** "संसारको चालामालमा हिंड्न खोज्दा कतिपय मानिसहरूका हृदयहरूमा चोट परिरहेको हुन्छ किनभने तिनीहरूले चिन्ताको गर्‍हौं भारी बोकिरहेका हुन्छन्। तिनीहरूकै स्वइच्छाले संसारमा लोकप्रिय हुन त्यसको सेवा गर्न थालेका हुन्छन्। संसारका समस्या र धारणाहरूलाई आफ्नो जीवनमा अङ्गालेका हुन्छन्। त्यसले गर्दा तिनीहरूको चरित्रमा खोट लागेको हुन्छ। अनि तिनीहरूको जीवन आफ्नै लागि भारी हुन जान्छ। संसारका चाहना र महत्वाकांक्षाहरूलाई संतुष्ट पार्न तिनीहरूले आफ्नो विवेकलाई कुल्चाइ दिन्छ जसले गर्दा दुःख, खेद र सन्तापलाई निम्त्याइ दिन्छ। निरन्तर चिन्तित जीवन बिताउँदा तिनीहरूको जीवनपद्धति नै खिएर गइरहेको हुन्छ। संसारले लादेका त्यस्तो दासत्वलाई आफ्नो पाऊमा समर्पण गरोस् भन्ने हाम्रो प्रभुको तिब्र चाहना छ।...उहाँको राज्य र उहाँका धार्मिक मार्गहरूमा चल्न उहाँले हामी सबैलाई उत्साह दिनुहुन्छ। अनि यस जीवनमा चाहिने सबै आवश्यकताहरू उहाँले पूरा गरिदिने कबूल गर्नुभएको छ।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज,* पृ. ३३०बाट

रूपान्तरित।

**चिन्तनमनन:**

अ. सांसारिक ज्ञानबुद्धि र स्वर्गबाट आउने ज्ञानबुद्धि फरक फरक छन् रे ! दिमाग खेलाएर तिनीहरूको भिन्नताको सूची बनाउनुहोस्। र तपाईंले हप्ताभरीमा कस्ता महत्त्वपूर्ण निर्णयहरू गर्नुभएको छ र कस्ता महत्त्वपूर्ण कार्यहरू गर्नुभएको छ त्यसमा कस्तो ज्ञानबुद्धिमा चल्नुभएको देखाउन सक्नुहुन्छ सो सोच्नुहोस्।

आ. परमेश्वरका नीतिहरूलाई पालन गर्ने इस्राएलीहरूलाई उहाँले कस्तो कबूल गर्नुभएको थियो सो हामीले प्रथम् बुंदामा हेर्‍यौं। परमेश्वरको नीतिमा चल्ने भएकोले नै छिमेकी राष्ट्रहरूले इस्राएलीहरू कतिको ज्ञानी, बुद्धिमान र समझशक्ति भएका जनहरू रहेछ भनेर थाहा पाउने थिए रे! तर के त्यसले त्यस इस्राएल राष्ट्रमा अहँता चढाएनन् र? त के त्यो स्वर्गबाट आएको ज्ञानबुद्धि हो र यदि तिनीहरूलाई नम्र बनाइएन भने? त्यस राष्ट्रका मानिसहरूलाई के भयो र के त्यसबाट हामीले पाठ सिक्नसक्दैनौं र? पवित्र मन्दिरमा हुने सेवाकार्यको सच्चा समझ वा ज्ञान तिनीहरूले अङ्गाली राखेको भए के तिनीहरूले येशूलाई अस्वीकार गर्थे होलान् र? आज पनि हामीले येशूको क्रुसमा हेर्ने बानी बसाल्न सक्यौं भने हामीले आफ्नो भाऊ खोज्ने नीतिबाट टाढिन कसरी सहयोग हुनसक्छ?

इ. एलेन जी ह्वाइटले व्यक्त गर्नुभएको उद्‍गार अनुसार हामीले सांसारिक कामहरूमा कतिको ध्यान दिन्छौं? त के तिनीहरू सांच्चैको गलत छन् त? कतिपय समयमा हामी त्यस्ता मानिसहरूको बारेमा पढ्छौं वा देख्छौं पनि जोसँग सबै कुराहरूले भरिपूर छ तर तिनीहरूको जीवन खोक्रो भएको पाउँछौं। संसार कतिको छलि रहेछ भनेर त्यसले हामीलाई कसरी सिकाउँछ? त्यस धरापमा नपर्न र हामीहरूका

युवायुवतीहरूलाई नपार्न र साथै संसारले ल्याउने विसंगतीसँग मुकाबिला गर्न हामीले के सिक्नुपर्छ?

ई. कोमल र नम्र हुनु भनेको के हो सो गहिरिएर सोच्नुहोस्। इसाई जीवनमा नरम, कोमल र नम्र भएर हिंड्नु किन आवश्यकता छ? येशूको पछि लागेको छ भनेर दाबीचाहिँ गर्ने तर आफ्नो भाऊ खोज्ने, आफ्नो मान खोज्ने, घमण्ड गर्ने आचरण उक्त मानिसको लागि किन घातक हुनसक्छ? सोच्नुहोस्।